पुनर्वास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
पुनर्वास, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.
च.नं. १२६५

मिति:–२०७६।०१।१०

**विषय - बेरोजगार व्यक्तिले दिने निवेदनको म्याद थप तथा फोटो ल्याउने बारे सुचना**

रोजगारीको हकसम्वन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्वन्त्री नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७६/७७ का लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने म्याद २०७६ साल वैशाख मसान्तसम्मका लागि थप गरिएको हुँदा ईच्छुक बेरोजगार व्याक्तिहरुले आफू बसोवास गरेको स्थानीय तहको सम्वन्धित वडा कार्यालयमा निवेदन दिनुहुनु अनुरोध छ ।

साथै यसअघि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिइसकेका बेरोजगार व्याक्तिहरुले एउटा पासपोर्ट साइजको फोटो लिई निवेदन दिएको वडा कार्यालयमा यथासीघ्र सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनका साथ फोटो संगलन गराइसकेका व्यक्तिहरुका हकमा फोटो ल्याउन नपर्ने व्यहोरा जानकारी गराइन्छ ।

पितम्वर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

Email:punarbasnagarpalika55@gmail.com Phone No:099420045 Website:punarbasmun.gov.np